# गोलबजार नगरपालिका

# तेह्रौँ नगरसभा

# गोलबजार नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम

## (आ.व. २०८२/०८३)

२०८२ असार १० गते

## गोलबजार नगरपालिका, सिरहा

मधेश प्रदेश, नेपाल

# गोलबजार नगरपालिकाको तेह्रौं नगर सभामा नगर प्रमुख श्री श्याम कुमार श्रेष्ठज्यूद्वारा प्रस्तुत
# आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम
# १० असार, २०८२

आ.व.२०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम

गोलबजार नगरपालिकाका उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु,

सर्वप्रथम, गोलबजार नगरपालिकाको तेह्रौं नगरसभामा उपस्थित रहनुभएका नगरसभा सदस्यज्यूहरू, प्रमुख अतिथि, विशिष्ट अतिथिज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरुज्यूहरु, सरोकारवाला महानुभावहरू, पत्रकार साथीहरू तथा सम्पूर्ण आम नगरवासीमा हार्दिक स्वागत, सम्मान र अभिवादन व्यक्त गर्दछु ।

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त खुशी र गौरवको अनुभूति गरिरहेको छु ।

यस अवसरमा, हामी सबैको साझा सपना, समृद्ध र सक्षम गोलबजार निर्माणको मार्गमा अमूल्य योगदान दिनु भएका ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरणमा योगदान पुर्याउनु हुने सम्पूर्ण महान व्यक्तित्वहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नीति तथा कार्यक्रम नेपालको संविधान, राष्ट्रिय तथा प्रदेश सरकारका आवधिक योजनाहरू, विभिन्न क्षेत्रगत नीतिहरू, विगत आर्थिक वर्षमा यस नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरू, तिनको कार्यान्वयनबाट प्राप्त उपलब्धिहरूको समिक्षा तथा नगरवासीको आकांक्षा र आवश्यकता समेट्दै तयार पारिएको हो।

गोलबजार नगरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटन, सामाजिक, आर्थिक र पूर्वाधार विकासका सम्भावनालाई समेटी नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने उद्देश्यले तयार गरिएको यस नीति तथा कार्यक्रमले समावेशी विकास, गुणस्तरीय सेवा प्रवाह, उत्तरदायी र पारदर्शी शासन प्रणालीको स्थापना गरी समुन्नत गोलबजार निर्माणमा सघाउ पुऱ्याउने पूर्ण विश्वास लिएको छु ।

अब, म विगत र चालु आर्थिक वर्षका नीति तथा कार्यक्रमको निरन्तरतासहित आगामी आर्थिक वर्ष २०८२/८३ का लागि तयार पारिएको प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## क.आर्थिक क्षेत्र

### अ. कृषि तथा पशुपन्छी विकास नितिः

१. समृद्धि र दिगो विकासका लागि आधुनिक कृषि विकासमा जोड दिँदै कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, बेमौसमी तथा अर्ग्यानिक खेतीलाई प्राथमिकता दिइनेछ ।

२. किसान सूचीकरण, परिचयपत्र वितरण गरी महिला लक्षित कृषक समूह र सहकारीसँग समन्वयमा उद्यमशीलता विकास र क्षमता अभिवृद्धि गरिनेछ ।

३. माटो परीक्षण, भूमि वर्गीकरण र मौसमअनुकूल बाली प्रवर्द्धन गरिँदै जैविक विधिलाई रासायनिक विषादीको सस्तो र सुरक्षित विकल्पका रूपमा विकास गरिनेछ ।

४. प्राविधिक सेवा, कृषि परामर्श, रोग नियन्त्रण तथा पशु सेवालाई सहज, सुलभ र प्रभावकारी बनाउन किसान र पशुपालकको सशक्तीकरण गरिनेछ ।

५. स्थानीय उत्पादनको भण्डारण, प्रशोधन, ब्रान्डिङ र बजारीकरणलाई प्रवर्द्धन गर्दै थोक तरकारी बजार, मासु पसल, पशु वधशाला र चिस्यान केन्द्रको स्थापना गरी व्यवस्थित व्यवस्थापन गरिनेछ ।

६. पशुपालनमा नश्ल सुधार, खोर सुधार, हरियो घाँस खेती र चरण क्षेत्र विकास गरिनेछ । खोरेत, रानिखेत, Rabies आदि विरुद्ध खोप अभियान सञ्चालन गरिनेछ ।

## आ. सिँचाइ नीति

१. नगर गौरव आयोजनाको रूपमा एकीकृत सिँचाइ योजना सञ्चालन गर्न विस्तृत सर्वेक्षण गरिनेछ ।

२. भौगोलिक र धरातलीय विशेषता अनुसार उपयुक्त प्रविधि र स्रोतको उच्चतम उपयोग गरिनेछ ।

३. सिँचाइ सुविधा प्राप्त क्षेत्रको कृषि उत्पादन वृद्धि गर्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी गरिनेछ ।

४. सिँचाइसम्बन्धी कार्यक्रम दर्ता गरिएका कृषक समूहलाई मात्र प्रदान गरिनेछ ।

## इ.उद्योग वाणिज्य तथा व्यवसाय नीति

१. औद्योगिक पूर्वाधार विकास र नीतिगत सुधार: उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति, कानून, कार्यविधि, मापदण्ड तथा रणनीतिक योजना तर्जुमा गरिनेछ। विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्र स्थापनाको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्र र सहकारी संस्थासँग सहकार्य गरिनेछ ।

२. स्थानीय स्रोतमा आधारित उत्पादन र रोजगारी प्रवर्द्धन: स्थानीय कच्चा पदार्थ, सीप र प्रविधिमा आधारित उद्यमशीलता विकास गरी उत्पादनमुखी व्यवसायलाई प्रवर्द्धन गरिनेछ। बढी रोजगारी सिर्जना गर्ने उद्योग तथा व्यवसायलाई सम्मान, सहुलियत र प्रोत्साहन नीति अवलम्बन गरिनेछ ।

३. सुरक्षित, स्मार्ट बजार र PPP साझेदारी विस्तार: उद्योगी तथा व्यवसायीका लागि सुरक्षा व्यवस्थापन (CCTV, गस्ती, प्रहरी बिट) सुदृढ पारिनेछ। उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन गरिनेछ। PPP मोडेलमा कृषि प्रशोधन, मल, सिनेमा हल, व्यापारिक मल, पार्किङ लगायत पूर्वाधार विकासमा निजी क्षेत्रलाई प्रोत्साहन दिइनेछ, र व्यापार मेला तथा प्रदर्शनीमार्फत स्थानीय उत्पादनको बजारीकरण गरिनेछ ।

## ई. पर्यटन तथा संस्कृति नीति

१. नगर क्षेत्रका सम्भाव्य प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक स्थलहरूको विस्तृत अध्ययन, अभिलेखीकरण गरी प्राथमिकताको आधारमा पूर्वाधार निर्माण, स्तरोन्नति र विकास गरिनेछ ।

२. पर्यटन गुरुयोजना अनुसार धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा लोपोन्मुख सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ । धमिनीमाई क्षेत्रको पर्यटकीय विकासका लागि विस्तृत अध्ययन गरिनेछ ।

३. पर्यटन पूर्वाधार विकासका लागि सार्वजनिक–निजी साझेदारी (PPP) अवधारणामा कार्य गर्दै होटल, विश्रामगृह लगायत पूर्वाधारमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिनेछ । साथै, स्थानीय पर्यटन प्रवर्द्धनमा संलग्न लेखक तथा पत्रकारलाई प्रोत्साहन गरिनेछ ।

४. धमिनिथान, आकाशगंगा, रामजानकी मन्दिरलाई धार्मिक पर्यटकीय रुपमा विकास गरिनेछ ।

## उ. भूमि व्यवस्था नीति

१. भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समग्र पहिचान, प्रमाणीकरण, नाप–नक्शा तथा अभिलेखीकरण गरी जग्गाधनी प्रमाण–पूर्जा वितरण गरी गोलबजारलाई सुकुम्बासी मुक्त नगरपालिका घोषणा गरिनेछ।

२. यी समुदायलाई सेवा प्रवाह गर्न सबै वडामा सेवा केन्द्र स्थापना गरी आवश्यक बजेट र कार्यक्रममार्फत सुदृढीकरण गरिनेछ, साथै प्रचलित ऐन नियमअनुसार अव्यवस्थित बसोबासीलाई सहजै जग्गा उपलब्ध गराइनेछ।

३. सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्दै GIS प्रणालीमा आधारित डिजिटल नक्सा र भू–उपयोग योजना तयार गरी कित्ताकाट, क्षेत्रफल समस्या समाधान गरिनेछ, जसले नगर विकासलाई थप वैज्ञानिक, आधुनिकरण र दिगो बनाउनेछ।

### ऊ. सहकारी नीति

१. सहकारी संघ–संस्थालाई प्रभावकारी ढंगले परिचालन गर्न दीर्घकालीन योजना निर्माण गरिनेछ, सहकारी मूल्य, सिद्धान्त र प्रचलित ऐन नियमको पालना गराउन संस्थालाई अभिप्रेरित गरिनेछ, साथै पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाइनेछ।

२. स्थानीय पुँजी, श्रम, सीप र स्रोतको उपयोग गरी सहकारीमा आधारित कृषि तथा उद्योग व्यवसायलाई प्रवर्द्धन गरिनेछ, जसले स्थानीय अर्थतन्त्रको विकासमा योगदान पुर्याउनेछ।

३. विपन्न परिवारलाई सहकारीमा आबद्ध गराई सामूहिक उद्योग व्यवसाय सञ्चालन गरिनेछ, जसबाट उनीहरूको आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा टेवा पुऱ्याइनेछ।

### ए. श्रम तथा रोजगारी नीति

१. विपन्न, दलित, पिछडिएको, असहाय, एकल महिला, अति सीमान्तकृत तथा उत्पीडित वर्गलाई आन्तरीक रोजगार कार्यक्रममार्फत उपलब्धता अनुसार न्यूनतम रोजगार प्रदान गरिनेछ।

२. आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालन कार्यक्रम अन्तर्गत प्राप्त बजेटको प्रभावकारी कार्यान्वयनका लागि नगरस्तर, वडा स्तर तथा अन्य रोजगारमूलक कार्यक्रमहरूसँग सहकार्य, समन्वय र साझेदारी गरिनेछ। साथै, नगरको दीर्घकालीन रोजगार रणनीति निर्माण गरी कार्यान्वयन गरिनेछ।

३. रोजगार सेवा केन्द्रबाट श्रम, सीप विकास, उत्पादनशील रोजगारी, उद्यमशीलता प्रबर्द्धन, आप्रवासन सेवा लगायतका रोजगारीसम्बन्धी सेवा एकीकृत रूपमा उपलब्ध गराइनेछ। "श्रमको सम्मान, नगरको अभियान" नाराअनुसार श्रम तथा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

### ऐ. गरिबी निवारण नीति

१. उद्यमशीलता प्रवर्द्धन तथा सीप विकासका लागि तालिम, प्रविधि हस्तान्तरण र लघु उद्यम विकास मोडलमार्फत आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ। बेरोजगार युवालाई प्राविधिक र सिपमूलक तालिमद्वारा स्वरोजगारी अवसर प्रदान गरिनेछ।

२. विपन्न, आदिवासी, जनजाति, महिला, दलित, अपाङ्गता भएका तथा विशेष संरक्षण आवश्यक व्यक्तिलाई लक्षित गरी आयआर्जन र गरिबी निवारणका कार्यक्रम सञ्चालन गरिनेछ।

३. आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालन कार्यक्रम अन्तर्गत उत्पादनमूलक योजना सञ्चालन गरी दर्ता नभएका श्रमिकलाई नगर स्वरोजगार कार्यक्रममार्फत रोजगारी उपलब्ध गराइनेछ। साथै, मृत्युपश्चात किरिया खर्चका लागि आर्थिक सहायता प्रदान गरिनेछ।

## ख. सामाजिक क्षेत्र

### अ. स्वास्थ्य निति

१. नगरका सबै नागरिकलाई निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सहज पहुँचमा पुऱ्याउन दक्ष जनशक्ति व्यवस्थापन, समन्वय, अनुगमन र नियमन संयन्त्र सुदृढ गरिनेछ।

२. मातृ–शिशु स्वास्थ्य, महिला रोग पहिचान तथा उपचार, जेष्ठ नागरिकको घरमै स्वास्थ्य सेवा र विपन्न वर्गका लागि निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

३. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आमा समूहलाई प्रोत्साहन गरी ग्रामिण क्षेत्रमा मातृ–नवजात स्वास्थ्य सुधारका लागि अल्ट्रासाउण्ड सेवा वडास्तरमा उपलब्ध गराइनेछ ।

४. रोग नियन्त्रणमा जोड दिँदै क्षयरोग मुक्त, कुष्ठरोग मुक्त र पोषणमैत्री नगरपालिका घोषणा गर्न अभियान तथा कार्यक्रमहरू निरन्तरता दिइनेछ ।

५. नगरस्तरीय अस्पताल सञ्चालन, प्रयोगशाला सेवा विस्तार, eHMIS प्रणाली लागू गरी स्वास्थ्य क्षेत्रमा दीर्घकालीन मास्टर प्लान निर्माण गरिनेछ ।

६. गोलबजार नगरपालिका वडा नं. ४ मा रहेको कोभिड अस्पतालमा एम बि बि एस डाक्टर सहित गोलबजार नगर अस्पताल सञ्चालन गरिनेछ ।

### आ. बहुक्षेत्रीय पोषण योजना नीति

१. आगामी ३ वर्षभित्र “पोषणमैत्री नगरपालिका” घोषणा गर्ने लक्ष्यसहित स्वस्थ, सफा र पोषणमैत्री घर, गाउँ, टोल र वडा अभियान सञ्चालन गरी स्थानीय नीतिमा पोषणमैत्री शासन प्रणाली समावेश गरिनेछ ।

२. महिला, बालबालिका, किशोरी र “सुनौलो हजार दिन” कार्यक्रम अन्तर्गत रहेका बालबालिकालाई लक्षित गरी पोषण संवेदनशील सेवा र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. पाँच वर्ष मुनिका सम्पूर्ण बालबालिकाको वृद्दि अनुगमन गर्दै पोषण स्थितिमा सुधार ल्याउन आवश्यक कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

### इ. शिक्षा क्षेत्रको नीति

१. गोलबजार नगरपालिकाको समग्र शिक्षा योजनाअन्तर्गत सबै विद्यालयमा आधारभूत पूर्वाधार सुधार गरी विद्यार्थीहरूको स्वस्थ र सुरक्षित शिक्षण वातावरण सुनिश्चित गरिनेछ।

२. बाल विकास केन्द्र र विद्यालयहरूमा समन्वय सुदृढ गर्दै सबै बालबालिकाको समावेशी शिक्षा, भर्ना, टिकाउने तथा गुणस्तरीय सिकाइ कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३. सिमान्तकृत, विपन्न र अपाङ्ग बालबालिकालाई लक्षित गरी बालिका र किशोरी शिक्षा कार्यक्रम मार्फत निरन्तर पहुँच विस्तार गरिनेछ।

४. विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा अभिभावक संघको क्षमता विकास गरी सामुदायिक विद्यालयमा शिक्षक र प्रधानाध्यापकको सन्तुलित व्यवस्थापन सुनिश्चित गरिनेछ।

५. हाजिरीमा कडाइ गरी वार्षिक परीक्षा केन्द्रीयकृत र पारदर्शी तरिकाले सञ्चालन गरिनेछ भने प्राविधिक तथा व्यावसायिक शिक्षाका तालिम केन्द्रहरूको अभिलेखिकरण र नियमन गरी गुणस्तर उकासिनेछ।

### ई. युवा तथा खेलकुद तर्फः

१. स्थानीय खेलकुद क्लब र संघसंस्थासँग सहकार्य गरी युवालाई लक्षित विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ र खेलकुद पूर्वाधार सुदृढीकरण गरिनेछ ।

२. विद्यालयमा स्काउट र जुनियर रेडक्रस सर्कल गठन गरी बालबालिकामा अनुशासन, जिम्मेवारी र शैक्षिक विकास प्रवर्द्धन गरिनेछ ।

३. लागूऔषध तथा दुर्व्यसनी विरुद्ध सचेतना कार्यक्रम, नवप्रवर्तनात्मक अनुसन्धान र आविष्कारमा युवाहरूलाई प्रोत्साहित गर्ने कार्यसम्पादन गरिनेछ।

## उ. भाषा, कला तथा साहित्य नीतिः

१. गोलबजार नगरपालिकामा नगरस्तरीय कला, साहित्य तथा संस्कृति प्रतिष्ठान स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२. स्थानीय भाषा, लिपि, गीत, नृत्य, भेषभूषा, उत्सव र सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यावसायीकरणमा जोड दिइनेछ।

३. सांस्कृतिक सम्पदाको विश्वव्यापीकरणका लागि पुस्तक प्रकाशन, लघु फिल्म र डकुमेण्ट्री निर्माण गरी प्रदर्शन गरिनेछ र स्थानीय सञ्चारकर्मीलाई भूमिका अनुसार प्रोत्साहन तथा पुरस्कार प्रदान गरिनेछ।

## ऊ. खानेपानी तथा सरसफाइ नीति

१. स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन गुणस्तर परीक्षण सहित आवश्यक पूर्वाधार र व्यवस्थापन गरिनेछ।

२. खानेपानी सेवा जनस्वास्थ्य, पूर्ण सरसफाइ र शहरी विकाससँग एकीकृत गरी सञ्चालन गरिनेछ।

३. ओभरहेड टेङ्की र अधुरो खानेपानी परियोजनाको काम सम्पन्न गरी नियमित र पर्याप्त पानी आपूर्ति सुनिश्चित गरिनेछ, विशेषगरी उत्तरी वेल्ट र दक्षणी वेल्टका वडाहरूमा प्राथमिकता दिइनेछ।

४. "एक घर, एक धारा" कार्यक्रमलाई विशेष प्राथमिकताका साथ लागू गरिनेछ।

५. सडक नाला सरसफाइ, फोहोर व्यवस्थापन र मासुजन्य खाद्य पदार्थको स्वच्छता कायम गर्न पशु बधस्थलदेखि बिक्रीसम्म व्यवस्थित पहल गरिनेछ।

## ए. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति

१. बालमैत्री, लैङ्गिक हिंसा तथा बालविवाह मुक्त नगर घोषणा गर्न सामाजिक जागरण, सशक्तिकरण, कानुनी शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। हिंसाग्रस्त महिला र बालबालिकालाई आर्थिक, मनोसामाजिक परामर्श र उद्दार सेवा उपलब्ध गराइनेछ।

२. बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, ज्येष्ठ नागरिक लगायत सबै समावेशी समुदायका लागि लक्षित कार्यक्रम, सेवा र सशक्तिकरण गरिनेछ। विपन्न नागरिक परिचयपत्र वितरण सहज बनाईनेछ।

३. सामाजिक समावेशीकरण नीतिअनुसार स्थानीय नीति, नियम, बजेट तथा कार्यक्रममा सबै वर्गको सामाजिक, आर्थिक, शैक्षिक र स्वास्थ्य अधिकार सुनिश्चित गरिनेछ।

४. अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य सेवा, सहायक उपकरण, समावेशी स्वास्थ्य शिविर र परामर्श सेवा संचालन गरिनेछ।

५. आत्महत्या न्युनीकरण र खुशी प्रबर्द्धनका लागि सम्बन्धित संघसंस्थासँग सहकार्य गरी मनोवैज्ञानिक तथा सामाजिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

## ऐ. सामाजिक सुरक्षा नीति

१. सामाजिक सुरक्षा भत्ता वितरणमा देखिने समस्या र चुनौती समाधान गर्न कार्यविधिअनुसार नगरस्तरीय समिति गठन गरिनेछ।

२. सम्झौता भएका बैंकसँग सहकार्य गरी तोकेको समय र स्थानमा अशक्त र ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी शिविरमार्फत वितरण गरिनेछ।

### ओ. पञ्जीकरण नीति

१. व्यक्तिगत घटना दर्ता प्रक्रिया सहज बनाउन समुदाय स्तरमा जनचेतनामूलक प्रचारप्रसार र वडास्तरमा घटना दर्ता शिविर सञ्चालन गरिनेछ।

२. जनप्रतिनिधि र वडा प्रशासकीय प्रमुखलाई सामाजिक सुरक्षा र पञ्जीकरण सम्बन्धी अभिमुखीकरण प्रदान गरिनेछ।

३. प्रत्येक वडामा छुट्टाछुट्टै बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गरी पहुँच विस्तार गरिनेछ।

## ग. पूर्वाधार क्षेत्र

### अ. भवन, आवास तथा वस्ती विकास नीति

१. नगर विकास कोषमा नगरपालिका सेयर स्वामित्व रहने गरी पूर्वाधारका लागि वित्तीय स्रोत परिचालन र योजनाबद्ध रुपमा भू-उपयोग क्षेत्रको शहरीकरण गरिनेछ।

२. नगरक्षेत्रमा औद्योगिक ग्राम, बजार, पार्क, खेलकुद मैदान, हरियाली क्षेत्र र अन्य न्यूनतम शहरी पूर्वाधार निर्माण गरिनेछ।

३. शहरी योजना तथा भवन निर्माण मापदण्ड तयार गरी अपाङ्गमैत्री, वातावरणमैत्री, लैङ्गिकमैत्री र बालमैत्री पूर्वाधार विकास सुनिश्चित गरिनेछ।

४. जल निकास र सडक निर्माणमा सम्बन्धित निकायसँग समन्वय गरी डुबान नियन्त्रण र क्षेत्रीय सडक निर्माण कार्यलाई तिव्रता दिइनेछ।

५. गरीविहरुको सहभागीता र उद्यमशिलतालाई प्रोत्साहन गर्न सर्वेक्षण, तालिम, वित्तीय सहकार्य तथा सामुदायिक भवन व्यवस्थापनको प्रक्रिया अघि बढाइनेछ।

### आ. सडक, पुल तथा यातायात नीति

१. "नगर यातायात गुरुयोजना (MTMP)" अनुसार सडक क्षेत्राधिकार निर्धारण, स्तरोन्नती, कालोपत्रे, विस्तार, मापदण्ड र नामाकरण गरी गुणस्तरीय, दिगो तथा टिकाउ सडक निर्माण गरिनेछ।

२. निर्माण सामग्री परीक्षण प्रयोगशाला स्थापना गरी सबै सडक पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ। सडक मर्मतसम्भार, पुल, कल्भर्ट निर्माण गरी आवागमन सहज बनाइनेछ।

३. डुबान मुक्त नगर बनाउन एकीकृत ढल गुरुयोजना कार्यान्वयन गरी नाला, कुलो, खोलाको अतिक्रमण हटाउने तथा समग्र सडक सञ्जाल विस्तारका लागि बजेट व्यवस्थापन गरिनेछ।

### इ. जलस्रोत तथा स्वच्छ उर्जा नीति

१. जलस्रोत संरक्षण, विकास र व्यवस्थापनका लागि उचित संस्थागत व्यवस्था गरी निजी क्षेत्र र सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ भने सम्बन्धित संस्था र जनशक्तिको क्षमता विकास गरिनेछ।

२. "एक घर, एक विद्युतीय चुल्हो" अभियानलाई प्रवर्द्धन गर्दै दाउरा र गुईंठाको प्रयोग न्यूनीकरण गरिनेछ। स्वच्छ तथा नवीकरणीय ऊर्जा प्रयोगमार्फत हरितगृह ग्यास उत्सर्जन घटाइनेछ र जनस्वास्थ्य सुधारका लागि स्वस्थ्यमैत्री, सुरक्षित ग्याँस चुल्हो कार्यक्रम सञ्चालन गरिनेछ।

३. ऊर्जामा आत्मनिर्भर प्रदेश निर्माणका लागि सौर्य ऊर्जा विकास र प्रसारणमा जोड दिइनेछ। नदी बगरको सदुपयोग गर्दै सौर्य ऊर्जा उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने गुरुयोजना तयार गरिनेछ, साथै सामुदायिक विद्यालय र अस्पतालमा सार्वजनिक-निजी साझेदारीमा सौर्य ऊर्जा जडान गरिनेछ।

४. भूमिगत तथा सतह जलस्रोत क्षेत्र एकीकरणका लागि सम्भाव्यता अध्ययन गरी दीगो व्यवस्थापनको योजना बनाइनेछ।

५. नगरका मुख्य चोक र बजार क्षेत्रमा हाइमास्ट लाइट र विद्युतीय सडकबत्ती जडान गरी वैकल्पिक ऊर्जा प्रविधि विकासका लागि सम्भाव्यता अध्ययन र नमुना आयोजना सञ्चालन गरिनेछ।

### ई. सूचना तथा सञ्चार प्रविधि नीति

१. नगरपालिकाका शाखा, क्षेत्र र उपक्षेत्रसँग सम्बन्धित विकास सूचक तथ्याङ्क संकलन गरी अद्यावधिक गरिनेछ र नागरिकलाई सामाजिक सञ्चार माध्यमबाट लक्ष्य, उद्देश्य र उपलब्धिको सूचना सम्प्रेषण गरिनेछ।

२. सूचना प्रविधिको प्रयोग गरी लेखा, राजश्व सङ्कलन, सूचना व्यवस्थापन र न्यायिक मामिला व्यवस्थापन प्रणाली सञ्चालन गरी प्रशासनिक कार्यमा पारदर्शिता र दक्षता बढाइनेछ।

३. विद्युतीय गुनासो व्यवस्थापन प्रणाली विकास गरी नागरिकका गुनासो, सुझाव र पृष्ठपोषण सहज रूपमा ग्रहण र व्यवस्थापन गरिनेछ।

४. सूचना हक ऐन बमोजिम आवश्यक सूचना वेब साइट, सामाजिक सञ्जाल र अन्य माध्यमबाट आवधिक रूपमा खुलासा गरिनेछ।

५. ई-बिडिङ, ई-कमर्स, ई-ट्याक्स, ई-पेमेन्ट जस्ता प्रणालीलाई सहज बनाउन नीतिगत, संस्थागत र कार्यक्रमगत पहल गरिनेछ भने सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्तिको विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## घ. वन तथा वातावरण

### अ. वन तथा भूसंरक्षण

१. वन तथा भूसंरक्षणसम्बन्धी नीति नियम तर्जुमा गरी जैविक बाँध निर्माण, खोला-ताल संरक्षण, प्रदूषण नियन्त्रण र प्लास्टिक झोला उपयोग निरुत्साहित गर्ने गरी स्वच्छ, हरित र वातावरणमैत्री नगर विकास गरिनेछ।

२. सामुदायिक, साझेदारी र निजी वनमा वनजन्य उद्यम प्रवद्र्धन गरी रोजगारी र आर्थिक विकासमा जोड दिइनेछ।

३. फोहरमैला व्यवस्थापनमा "एक घर, तीन डस्ट बिन" नीति लागू गरी रिसाइकल, रियुज र रिड्युस अवधारणालाई प्राथमिकता दिइनेछ।

४. जलवायु परिवर्तनको जोखिम न्यूनिकरणका लागि अनुकूलन योजना बनाइने र ठूला आयोजनामा वातावरणीय मूल्यांकन (IEE, EIA) अनिवार्य गरिनेछ।

५. अव्यवस्थित पार्किङ, प्लास्टिक फाल्नेजस्ता अनियमितता नियन्त्रणका लागि दण्ड र जरिवाना व्यवस्था गरी सडक, नाला, ढलको मर्मत सम्भार सम्बन्धित पक्षबाट गराउने नीति लागू गरिनेछ।

### आ. जैविक विविधता नीति

१. रैथाने जातका गाई, भैँसी, बाख्रा, बङ्गुर, कुखुरा, हाँस, माछा तथा लोपोन्मुख जलचर संरक्षण र प्रबर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

२. विद्यालयको दिवा खाजामा रैथाने खाना र परिकार समावेश गर्न आवश्यक पहल गरिनेछ।

### इ. वातावरण संरक्षण नीति

१. नगरपालिका क्षेत्रमा रहेको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरी समृद्ध र सौन्दर्यपूर्ण वातावरणको विकास गरिनेछ ।

२. सडक, बाटोहरूलाई आर.सी.सी. ढलान र पिचिङ गरी धुलोमुक्त तथा सुसज्जित बनाइनेछ । बजार क्षेत्रमा धुलो र दुर्गन्ध नियन्त्रणका लागि प्रभावकारी व्यवस्था गरिनेछ ।

### ई. फोहरमैला तथा प्रदुषण व्यवस्थापन नीति

१. फोहरलाई स्रोतमै वर्गीकरण गरी पुन: प्रयोग र प्रशोधन सुनिश्चित गरिनेछ । कुहिने फोहरलाई घरमै मलमा परिणत गर्ने नगरबासीलाई विशेष शुल्कमा सहुलियत दिँदै दिगो र वातावरणमैत्री फोहर व्यवस्थापनलाई प्रवर्द्धन गरिनेछ ।

२. प्रविधि आधारित फोहरमैला व्यवस्थापन प्रणाली स्थापना गरी जिरो वेस्ट (zero waste) अवधारणालाई प्रभावकारी कार्यान्वयन गरिनेछ । उद्योगबाट निस्कने दूषित पानी र धुवाँको नियन्त्रण गर्दै सफा, हरित र स्वस्थ वातावरण संरक्षणमा विशेष पहल गरिनेछ ।

### उ. विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन नीति

१. गोलबजार नगरपालिकामा आधारभूत साधनस्रोत सम्पन्न आपतकालीन सेवा केन्द्र स्थापना गरी सञ्चालित गरिनेछ । विपद् व्यवस्थापनका लागि स्वयंसेवक परिचालन नीति अवलम्बन गर्दै उनीहरूको ज्ञान, सीप र क्षमताको समृद्धि गरिनेछ ।

२. सबै वडा कार्यालय तथा नगरपालिकामा विपद् व्यवस्थापन सामग्रीको सुरक्षित भण्डारण गरिनेछ भने खुल्ला क्षेत्र र ग्रामिण क्षेत्रमा आपतकालीन पुनर्निर्माण केन्द्रहरु निर्माण गरी तत्काल उद्धार र सहायता प्रदान गर्ने क्षमता अभिवृद्धि गरिनेछ ।

३. भूकम्प प्रतिरोधी संरचना र कानुनी मापदण्ड अनुरुप निजी तथा सार्वजनिक भवन निर्माण गराइनेछ । साथै रेडक्रस, गैरसरकारी संस्था, सञ्चार माध्यम र नागरिक समाजसँग सहकार्य गरी जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनिकरण रणनीति कार्यान्वयन गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास क्षेत्र

### अ. नीति, कानून तथा सुशासन नीति

१. गोलबजार नगरपालिकालाई सक्षम, पारदर्शी, जनमुखी र जवाफदेही प्रशासनका रुपमा स्थापित गर्दै सबै सेवा प्रवाहलाई प्रभावकारी, विधि प्रक्रिया सम्मत बनाउन आवश्यक स्थानीय नीति, नियम, ऐन र कार्यविधिको तर्जुमा, संशोधन र एकीकरण गरिनेछ।

२. सूचना प्रविधिको उच्चतम प्रयोगमार्फत सुशासन कायम गर्न गोलबजार नगरपालिकाले सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, छरितोपन, पहुँच र जनउत्तरदायित्व सुनिश्चित गर्ने उद्देश्यले ई-गभर्नेन्स, गुनासो व्यवस्थापन प्रणाली, सार्वजनिक सूचना स्वतः खुलासा, डिजिटल प्रोफाइल, GIS प्रणाली, डेटा एनालिटिक्स, साइबर सुरक्षा, र सूचना प्रविधि साक्षरता अभिवृद्धिलाई एकीकृत रूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गर्नेछ, जसले समावेशी, स्मार्ट र नागरिकमैत्री शासन प्रणालीको निर्माण गर्नेछ ।

३. नगरपालिकाका सबै क्रियाकलापलाई "लिजा" (LISA) स्वमूल्याङ्कन प्रणालीअनुसार परिणाममुखी मापनयोग्य सूचकहरूमार्फत सञ्चालन गरी आन्तरिक नियन्त्रण र वित्तीय अनुशासन कडा गरिनेछ; साथै, वार्षिक खर्चको सार्वजनिक परीक्षण र बेरुजु फछ्यौंटलाई प्राथमिकतामा राखिनेछ।

४. सेवा वितरणमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न इलेक्ट्रोनिक खुला बोलपत्र मार्फत प्रतिस्पर्धात्मक खरिद प्रणाली निरन्तरता पाईनेछ भने स्वदेशी तथा विदेशी नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित गरी अन्तरराष्ट्रिय सहकार्यलाई प्रोत्साहित गरिनेछ।

## आ. न्यायिक सेवा तथा मेलमिलाप नीति

१. स्थानीय मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गरी विवाद दर्ता, विपक्षीसम्बन्धी अनुसन्धान, स्थलगत प्राविधिक निरीक्षण र मेलमिलाप प्रक्रिया प्रभावकारी रूपमा संचालन गरिनेछ; यसबाट विवाद समाधानमा सबैभन्दा बढी पहल गरिनेछ।

२. न्यायिक समिति र वडाका सामुदायिक मेलमिलाप केन्द्रबाट प्रदान गरिने सेवाहरूलाई थप व्यवस्थित, पारदर्शी र सुलभ बनाउन सूचना प्रविधिको समुचित प्रयोग गरी सहज पहुँच सुनिश्चित गरिनेछ।

३. न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरूको क्षमता विकासका लागि पुनः तालिम, अनुभव आदानप्रदान तथा अवलोकन भ्रमणको व्यवस्था गरी न्याय सम्पादन प्रक्रियामा गुणस्तरीय सुधार ल्याइनेछ।

## इ. प्रशासन शाखा

१. गोलबजार नगरपालिकालाई पारदर्शी, जनमुखी र जवाफदेही नगर सरकारका रूपमा स्थापित गर्दै सबै क्रियाकलापलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), FRA र LED अनुसार नतिजा र मापनयोग्य सूचकका आधारमा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

२. आवश्यक ऐन, कानून र नीतिहरू समयानुकूल संशोधन तथा परिमार्जन गरी भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कडाइका साथ कार्यान्वयन गरिनेछ; कार्यसम्पादनमा आधारित करार र प्रोत्साहन प्रणाली स्थापना गरी नगर सरकारको जवाफदेहिता अभिवृद्धि गरिनेछ।

३. नागरिक सहभागिता सुनिश्चित गर्दै योजना तर्जुमा र कार्यान्वयनमा स्थानीय समुदायको सक्रिय सहभागीता वृद्धि गरिनेछ; सेवा प्रवाहमा सुशासनका सूचकहरू—जस्तै हेल्पडेस्क, सार्वजनिक सुनुवाइ र गुनासो व्यवस्थापन—प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

४. सबै वडा कार्यालय, शाखा र सेवा केन्द्रलाई विद्युतीय नेटवर्कमा जोड्दै ई-गभर्नेन्स, डिजीटल हाजिरी र अनलाइन सेवाहरू विस्तार गरी सूचना प्रविधिको प्रभावकारी उपयोगबाट सेवा प्रवाह चुस्त र पारदर्शी बनाइनेछ।

५. कर्मचारीहरूको क्षमता विकासका लागि नियमित तालिम, अध्ययन भ्रमण र व्यावसायिक स्वास्थ्य बीमा लागू गरी दक्ष जनशक्ति व्यवस्थापन गर्ने र सार्वजनिक खरिद तथा निर्माण कार्यलाई प्रतिस्पर्धात्मक, पारदर्शी र कानूनी रूपमै सञ्चालन गरिनेछ।

## ई. राजस्व परिचालन नीति

१. "कर डर होइन, नगर विकासको आधार हो" भन्ने मुल्यमान्यता अपनाउँदै आन्तरिक स्रोत राजस्व वृद्धिका लागि नयाँ कर श्रोतको पहिचान र कर दायरा विस्तार गरी नगरपालिकाको आर्थिक मेरुदण्ड मजबुत बनाइनेछ ।

२. कर र गैरकर राजस्व संकलनलाई व्यवस्थित, पारदर्शी र न्यायोचित बनाउँदै चुहावट रोक्न प्रभावकारी उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गरिनेछ; विशेषगरी फोहरमैला व्यवस्थापन शुल्क र घरवहाल कर साझेदारी अवधारणाअनुसार सङ्कलन गरिनेछ।

३. घरजग्गा पास, नक्सापास, कर भुक्तानी तथा सिफारिस प्रक्रियालाई सरल, सहज र द्रुत बनाउँदै, करदाताहरुलाई सम्मान र सुविधा प्रदान गरिनेछ; कर दायरा भित्र सम्पत्ति कर, सरसफाई शुल्क, रिक्सा, ठेला र सिटी सफारीलाई पनि ल्याइनेछ।
४. सूचना प्रविधिमा आधारित एकीकृत कर प्रशासन प्रणाली तयार गरी राजस्व संकलन, दाखिला तथा अभिलेखनलाई नियमित, वर्गीकृत र वैज्ञानिक बनाइनेछ जसले चुहावट शून्य बनाउन सहयोग पुर्याउनेछ।
५. राजस्व परामर्श समिति, जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकासमा जोड दिँदै व्यवसाय दर्ता, नवीकरण र वार्षिक कर संकलनलाई सहज तथा प्रभावकारी बनाउन निरन्तर तालिम र सहयोग प्रदान गरिनेछ।

## उ. तथ्याङ्क प्रणाली नीति

१. डिजिटल प्रविधिमा आधारित समग्र नगर प्रोफाइल तयार गरी सबै योजना, कार्यक्रम र शाखागत सूचना प्रणालीलाई एकीकृत गर्दै प्रभावकारी, पारदर्शी र द्रुत व्यवस्थापन सुनिश्चित गरिनेछ।
२. वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयसम्म इन्टरनेट पहुँच विस्तार गरी आधुनिक डिजिटल पूर्वाधार सुदृढ गरिनेछ जसले सेवा प्रवाहलाई छरितो, सहज र प्रविधिमैत्री बनाउनेछ।
३. विद्यालय स्तरमा डिजिटल कक्षा, भिडियो कन्फरेन्सलगायत नवीनतम सूचना प्रविधि कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक वातावरणमा प्रविधि नवप्रवर्तन र गुणस्तरीय सुधार ल्याइनेछ।

अन्तयमा,

माथि प्रस्तावित नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि हामी सबैको एकता, प्रतिबद्धता र सक्रिय सहभागिता अपरिहार्य छ । नगर वासी, नागरिक समाज, विभिन्न तहका सरकारी निकायहरू, निजी क्षेत्र, जनप्रतिनिधि तथा कर्मचारीहरूबीच निरन्तर समन्वय, सहकार्य र उत्साहजनक सहभागिताले मात्र सफलताको बाटो खुल्नेछ । यस अभियानमा अहिलेसम्म देखाउनु भएको अपूर्व साथ, सहयोग र सुमधुर समन्वयप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । तपाईंहरूको अमूल्य योगदानले हाम्रो नगरलाई समृद्धि र समग्र विकासको दिशा तर्फ उन्मुख गर्नेछ भन्ने विश्वास छ ।

श्याम कुमार श्रेष्ठ
नगर प्रमुख
गोलबजार नगरापालिका, सिरहा